# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**

वर्ष : २५ अंक : १८ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ मंसिर २१ *(December 6, 2020)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


# झापाबाटै गुटको अन्त्य हुन्छ : बुढाथोकी



–केशव कुमार बुढाथोकी

**–विनोद सापकोटा**

दुधे । नेपाली कांग्रेसका नेता केशव कुमार बुढाथोकीले झापालाई गुट रहितको जिल्ला बनाउन पार्टीका नेता कार्यकर्तासंग अनुरोध गरेका छन् । झापाको शिवसताक्षीमा विपन्न परिवारको घर निर्माण शिलान्यास कार्यक्रममा बोल्दै पार्टीका केन्द्रिय सदस्य समेत रहेका नेता बुढाथोकीले पार्टीमा गुटको राजनीति भए त्यसले नेता र कार्यकर्ता दुवैलाई फाइदा नहुने बताए । 'मैले पार्टीका पुर्व महामन्त्री कृष्ण सिटौला, पार्टीका प्रवक्ता विश्व प्रकाश शर्मा, पार्टीका झापा सभापति उद्धव थापा लगायतसंग झापालाई गुट रहितको जिल्लाका रुपमा मुलुकमा चिनाउन पार्टीले अभियानका रुपमा कार्यक्रम अघि सार्नुपर्ने सुझाव दिएको छु । उहाँहरुले झापा मात्र होइन, मुलुकलाई यो समस्याबाट मुक्त गराउन सबै नेता र कार्यकर्ता लाग्नु पर्ने बताउनु भएको छ ।'

झापामा पार्टीलाई बलियो बनाउन गुटको राजनीति छाड्न पनि नेता बुढाथोकीले कार्यकर्तालाई आग्रह गरे । उनले भने 'प्लिज अब गुटको कुरा छोडौ, पार्टीलाई बलियो बनाउन नयाँ ढंगबाट काम सुरु गर्नुको विकल्प छैनं ।' पार्टीलाई नयाँ चिराबाट अघि बढाउन पुराना पुस्ताका नेताले पार्टीलाई सघाएर युवा पुस्तालाई पदीय जिम्बेवारी दिनुपर्ने पनि उनले सुझाव दिएका छन् ।

'हामी पुरानै नेताले पदीय जिम्मेबारी लिने काममा अझैपनि लडाई गर्‍यौ भने युवा पुस्ता पार्टीबाट पलायन हुने छन् । पछिल्ला दिनमा नेकपा पार्टी भित्रको विवादका कारण उनीहरुका कार्यकर्ता वाक्क दिक्क भएर नेपाली कांग्रेसमा प्रवेश गर्नेको जनलहर बढिरहेका बेला उनिहरुलाई समेत समेट्दै पार्टीअघि बढ्नुपर्नेमा उनले सुझाव दिए ।

नेकपाको आपसी लडाइबाट दिक्दार भएका अन्तरपार्टीका कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गर्न आएभने क्षमता अनुसारका जिम्मेबारी पनि दिनुपर्ने उनले सुझाव दिए । 'कसैलाई हलि गोठाला बनाउन, पार्टीमा हुर्मत लिनका लागि मात्र ल्याइनु हुन्न । कुनै पद वा जिम्बेवारी दिन्छु भनेर ल्याउनुपनि हुदैन । तर, उसको क्षमता छ भने आँफू भन्दापनि मार्थीको पदिय जिम्बेवारी दिन पनि सक्नु पर्छ,' उनले भने ।

पूर्व सामान्य प्रशासनमन्त्री समेत रहेका बढाथोकीले नेकपाको बेमेल दुई शक्तिशाली राष्ट्रको झगडाका कारण भएको बताएका छन् । उनले भने 'नेकपाको झगडा यो हुदै होइन । नेकपाको बेमेलको खेल भारत र चिनले अगुल्टो झोसे जस्तो अनुसारको हुन्छ । भारत र चिनको ईच्छा अनुसार नेकपाको झगडा भएको हो । भारत र चिनले चाह्यो भने नेकपा मिलिक्कै फुटाउन र जुटाउन सक्छ । यी दुई देशसंग त्यो क्षमता छ ।'

पार्टीका झापा सभापति उद्धव थापाले नेपाली कांग्रेस शिवसताक्षीले गरिब जनता चिनेर उनिहरुको पुर्नस्थापनाका लागि गरेको यो अनुकरणीय कार्यको जिल्ला कार्यसमितिले खुलेर प्रसंसा गर्ने बताए । 'जनताको मन भित्रको पार्टी भनेकै नेपाली कांग्रेस हो भनेर देखाउनु भयो । सिङ्गो नगर कार्यसमितिलाई धन्यवाद,' उनले भने ।

कार्यक्रममा पार्टीका नगर सभापति पर्शुराम ढुँगानाले पत्रकारले लेखेको सहि समाचारका कारण गरिब तथा विपन्न परिवारकी एकल महिलाले आवासका लागि घर पाएको बताए । पार्टीको ११ नम्बर वडा समितिले जग्गा र नगर समितिको समन्वयमा घर निर्माण हुने उनले बताएका छन् । उनले भने, 'फागुन ७ गते प्रजातन्त्र दिवसका दिन स्थानीय भीमाकुमारी चौधरी राईले ३ कोठा सहितको आरसीसी घर उपहार पाउने छन् ।'

कार्यक्रम भीमाकुमार चौधरी राईको आवास निर्माण उपभोक्ता समितिका संयोजक विनोद ढकालको सभापतित्व र वडा नम्बर ११ का सभापति अशोक बस्नेतको संचालनमा भएको थियो ।

## राष्ट्रिय प्रजातन्त्र पार्टीको र्‍यालीमा

# गणतन्त्रविरुद्ध र राजतन्त्रको पक्षमा खुल्ला नाराबाजी



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । राष्ट्रिय प्रजातन्त्र पार्टीले आज झापामा आयोजना गरेको मोटरसाइकल र्‍यालीमा गणतन्त्रविरुद्ध र राजतन्त्रको पक्षमा खुल्ला नाराबाजी भएको छ। काँकरभिट्टाबाट अपरान्ह सुरु भएको र्यालीमा हजारौं सहभागी भए । सहभागितको दृष्टिले र्याली निकै भव्य र विशाल थियो । र्‍याली विर्तामोड नपुगुञ्जेल पूर्व पश्चिम राजमार्ग अवरुद्ध भएको थियो । नेपाल प्रहरीको गाडीले र्‍यालीको अग्रभागमा स्कर्टिङ गरेको थियो । र्‍यालीमा गणतन्त्र मुर्दाबाद र राजतन्त्र जिन्दाबादको नारा

**बाँकी पृष्ठ ६ मा**

# आगलागी बाट तिसौं लाखको क्षती



–सन्दर्भ समाचारदाता

भद्रपुर । मयुर प्लाई उत्पादन गर्दै आएको बिर्तामोड नगरपालिका २ स्थित नमस्ते प्लाई फ्याक्ट्रीमा आगलागी हुदाँ लाखौको क्षति भएको छ । आज बिहान ६ बजेतिर विद्युत सर्ट भई प्लाई फ्याक्ट्रीमा आगलागी भएको हुदाँ उद्योगमा रहेको फन्टि फेन नामक काठका सामग्री र सिलिङ चेम्बरमा मेशिनलगायत जल्दा करिव ५० लाखको क्षति भएको सञ्चालक राजकुमार अग्रवालले जानकारी दिए । यता जिल्ला प्रहरी कार्यालयले जनाए अनुसार आगलागि बाट ३० लाख बराबरको क्षती भएको छ ।

फ्याक्ट्रीमा लागेको आगो बिर्तामोड , भद्रपुर र दमकको दमकल , जनपद , सशस्त्र प्रहरी र स्थानीयले करिव ३ घण्टापछि नियन्त्रणमा आएको उद्योगका सञ्चालक अग्रवालले बताए ।

आगलागी भए लगत्तै ईलाका प्रहरी कार्यालय बिर्तामोड, नेपाली सेना र सशस्त्र प्रहरीलेआगलागी नियन्त्रणमा लिएका थिए ।

# उपमेयरलाई जलाउन खोजिएको आरोप झुठो



नेपाल विद्यार्थी संघ
Nepal Students' Union

विज्ञप्ती



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । मंसिर १८ गते गाडीभित्रै मेचीनगर नगरपालिकाकी उपमेयर मिना उप्रेतीलाई जलाउन खोजिएको भनेर विभिन्न सञ्चार माध्यममा आएको समाचारमा कुनै सत्यता नभएको नेविसंघ झापाले स्पष्ट पारेको छ । उक्त घटनामा नेविसंघको कुनै पनि तह र त्यसमा आबद्ध कार्यकर्ताको संलग्नता नरहेको सभापति राजेन्द्र उप्रेतीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नेविसंघले देशव्यापी रूपमा सरकारी गाडी सञ्चालन नगर्न र चलाएको पाइए चाबी खोस्ने कार्यक्रम भए पनि मेचीनगगर नगरपालिकाकी उपमेयर उप्रती चढेको गाडीमा आगो लगाउन खोजिएको र गाडीभित्रै जलाउन खोजिएको भन्ने कुरा कपोलकल्पित र मिथ्या भएको नेविसंघले स्पष्ट पारेको छ । यस्तो गलत प्रचार नगर्न नेविसंघ झापाले उपप्रमुख उप्रेती र सम्बन्धित सबैमा आग्रह गरेको छ ।

यसैबीच नेपाली कांग्रेस झापामा रहेका केन्द्रीय तहका एक नेताले यस्तो घटनामा नेविसंघका नेता कार्यकर्ताको संलग्नता हुन नसक्ने बताएका छन् । उनले झापामा भएको भनिएको घटनामा कुनै सत्यता नभएको उल्लेख गर्दै त्यस्तो आरोप नलगाउन सम्बन्धित पक्षलाई आग्रह गरेका छन् । उनले नेविसंघका कार्यकर्ताले त्यस्तो नगरेको र कसैले नेविसंघको नाममा त्यस्तो गरेको भए उसलाई कारबाही गरिनुपर्ने बताए । नेविसंघका कार्यकर्ता त्यस्तो गलत काममा लाग्न नसक्ने बताउँदै घटनामा नेविसंघको संलग्नता हुन नसक्ने उनले दाबी गरे ।




**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
भद्रपुर (झापा) प्रदेश नं. १ को

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
शनिश्चरे (झापा) प्रदेश नं. १ को

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोश्नी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०



**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५५७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता



## सम्पादकीय

### नेकपाका नेतालाई देश र जनताको पीडा थाहा छैन ?

नागरिकको विश्वासबाट बलियो जनमत पाएर सरकारको नेतृत्व गरिरहेको नेकपा अन्ततः जनविश्वासको भार थेग्न नसक्ने अवस्थामा पुगेको छ । गुटगत स्वार्थमा अलमलिएका नेकपाका शीर्ष नेतृत्वले जनभावनाको खिल्ली उडाउँदै एकपछि अर्को जनघातका प्रयास गरिरहेका छन् ।

लोकतन्त्रमा जनादेश ससर्त हुन्छ । जनताको आदेश पुरस्कार होइन, जिम्मेवारी हो । दायित्व पूरा गर्न प्राइएको जनविश्वास नेता व्यवस्थापनको अवसर होइन भन्ने विर्सिएर नेकपा नेताहरू सत्तामा पुगेर उन्माद प्रदर्शन गर्ने हतियार बनाउने प्रयासमा छन् । पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री केपी ओलीले जनादेश पाएपछि भारी जनादेश भित्रको भित्री कुरो बुझ्नेनन् । उन्मादले मैमत्त उनका अभिव्यक्ति सुन्नै मन नलाग्ने गरी कर्कश हुँदै गए । त्यति मात्र होइन, उनका मन्त्री र सहयोगी तथा उनले नियुक्त गरेका पदाधिकारीहरू उनकै वाणीको अनुसरण गर्न थाले । जनतामा आशा भरोसा बन्न नसकेका ओलीको उन्मादलाई अध्यादेश प्रकरणपछि ८ महिनायता अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, बरिष्ठ नेता झलनाथ खनाल, माधवकुमार नेपालले आफू सत्ता नेतृत्व हत्याउन पाइन्छ कि भन्ने अभिप्रयले गुटगत बलका आधारमा बेमौसमी बजा बजाएर घन्काउन थाले । यस अवधिमा यो किचलो गुट बलवान देखाउन आफ्नै पार्टीका संसद खरिद बिक्री गर्ने घृणित राजनीतिसम्म लम्बिन पुग्ने संकेत देखिँदै छ । जसले ५ वर्षका लागि जनताद्वारा अस्वीकृत गरिएका वामदेव गौतमलाई यही बीचमा प्रधानमन्त्रीसम्म बन्ने गरी आश्वास्त पार्दै राष्ट्रिय सभाको सदस्य बनाइ सकिएको छ । नेकपा भित्रका नेताहरूमा घात अर्न्तघातका दृश्यले यस दलमा नैतिकताको संकट प्रष्टिएको छ ।

संघीयतामा जानुको प्रयोजन राज्यका नेतृत्वकर्ता मालिक बन्ने होइन सेवकका रूपमा जनता नजिकै पुगोस् भन्ने हो । नेकपा नेतृत्वले राज्य सम्बन्धी यी मान्यताको मर्म बुझ्नेनन् । उल्टै निरन्तर मालिक्याइँ प्रदर्शन गरिरहे । राज्य सम्बन्धी यी मान्यताको मर्म बुझ्ने भइदिएका भए नेकपा सरकार लोकप्रियताको शिखरबाट झरेर रसातलमा पुग्ने अवस्था आउने थिएन ।

बन्दाबन्दीले मानिसको आयआर्जन गुमेको छ । ज्यालादारीमा बाँच्नेहरू बेहाल छन् । यो अवस्था ज्यालादारी वर्गमा मात्र सिमित रहँदैन । सिमित आयआर्जनमा गुजारा गर्नेहरू आत्तिएका छन् । काम गुमाउनेहरू देश विदेशबाट घर फर्कन बाध्य भएका छन् । देश र जनताका पीडावारे सञ्चार माध्यमले सुसूचित गर्‍यो तर सरकारले कहिलै सुनेन । नेपालको राजनीतिक इतिहास हेर्ने हो भने विसं २०१५ सालको बहुमत सरकार होस या ०४८ वा ०५६ को हरेक पटकका सरकार आफै भित्रको खिचातानीका कारणले भत्किएका हुन् । स्मरणीय के छ भने, बहुमतका सरकार भत्किदा व्यवस्था नै भत्किएका छन् । अहिले २०७४ को बहुमतको सरकार पनि यही बाटोमा देखिदैछ । सम्पूर्ण दलका नेतृत्ववर्ग सचेत नभए विसं २०६२/६३ को उपलब्धि धरापमा परिसकेको छ । बलियो जनमत पाएको शक्तिशाली भनिएको सरकार देश र जनताका समस्या सुन्न भ्याउँदैन । नेकपा नामक दलका ज्ञात अज्ञात नेता कार्यकर्तालाई लाभका पद बाँडफाँडमा अलमलिरहेको सरकारको नेतृत्व नागरिकको पीडा देखाई दिने सञ्चार जगतमाथि नै नकारात्मक छ ।

दैनिक उपभोग्य वस्तु खरिद गरेर खान सकिने अवस्था छैन । वजारमा कालाबजारीले अधिपतित्व जमाइरहेको छ । बिहान उठेदेखि बेलुका सुत्नु अगाडिसम्म भान्छामा हामीलाई कृषि उत्पादनले साथ दिइरहेका छन् । यस्ता उत्पादनमा कृयाशील कृषकको जीवन अझ ऋणमय बन्दै छ । जतिनै भौतिक सम्पन्नता, बैंक ब्यालेन्स भए पनि आखिर कृषिजन्य वस्तु र किसान नभइ जीवन निर्वाह सम्भव छैन भन्ने ज्ञान यतिबेला सरकारी पक्षलाई प्राप्त भएको छैन । सरकारले कृषका कुरा समेत सुनिदिएन । कृषि उत्पादन बढाउन कृषि प्रोत्साहन कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेन । नेपाली कृषि उत्पादन बढ्न सक्ने वातावरण समेत सरकारका कारण बन्न सकेको छैन । यस विकराल संकटका समयमा सरकारको नेतृत्वमा रहेको नेकपा नेताहरू गुटको गन्तीमा घुमिरहेका छन् । यहाँभन्दा ठूलो जनघात के हुन सक्छ ? यस्ता जनघाती काम गर्ने छुट नेकपा नेतृत्वलाई छैन ।

# प्रचण्डको त्याग र ओलीको कृतघ्नता



–गुरुराज घिमिरे

नेपालमा सम्पन्न भएको ऐतिहासिक जनआन्दोलनका माध्यमबाट भएको युगान्तकारी राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै स्थापित भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा प्रथम पटक भएको गत संसदीय निर्वाचनमा राज्य सञ्चालनको जिम्मा पाएको नेपाल कम्युनिस्ट पार्टीको बहुमतको सरकारले झण्डै पौने तीन वर्ष गुजारेको छ । चुनावी गठबन्धनको बेला प्रारम्भमा दुवै पार्टीका अध्यक्षबीच भएको सम्झौता र निर्वाचनपछिको समझदारीअनुसार चलेको भए यतिबेला प्रधानमन्त्रीका रूपमा पुष्पकमल दाहाल प्रचण्डको पालो आइसकेको हुन्थ्यो र केपी ओलीको पालो या समय सकिइसकेको हुन्थ्यो । तर बीचैमा सम्झौता फेरियो र कार्यकारी अध्यक्षका रूपमा पार्टी प्रचण्डले चलाउने तथा ओलीले पाँचै वर्ष सरकार चलाउने नयाँ सहमति भयो । तर सहमतिअनुसार प्रचण्डले पार्टी चलाउन पाएनन् । उनको कार्यकारी अधिकार कागजमै सीमित भयो । यसबीच ओली र दाहाल नेपाल पक्षबीच घमासान द्वन्द्व र धारावाहिक कचिङ्गल चलिरहेको छ । यो आगामी महाधिवेशनसम्म जारी रहने सम्भावना देखिन्छ । पछिल्लो समय आजै पार्टी फुट्यो, भोलि नै फुट्यो भने जस्तो गरी कलह जारी छ । दुवै पक्ष आआफ्नो रणनीति तर्जुमा गर्न व्यस्त देखिन्छन् । पार्टीभित्र रहेको धरातलीय यथार्थलाई अस्वीकार गर्ने प्रवृत्ति लोकतान्त्रिक राजनीतिमा ठूलो व्यङ्ग्य हो ।

सत्तारुढ भएपछि देश र जनताको कल्याणभन्दा आपसी झगडामा फस्नु र त्यसैमा रमाउनु नेपालका राजनीतिक दलहरुको सनातनी चरित्र हो । नेपाली काँग्रेसले पनि आफू सत्तामा बस्दा यस्तो गाईजात्रा पटक पटक देखाइसकेको तीतो यथार्थ हामी माझ छर्लङ्ग नै छ । पार्टीभित्र चलेको शक्ति सङ्घर्षको परिणाम नै ०५१ सालको मध्यावधि निर्वाचन थियो । त्यसबेला पार्टी र सरकारभित्र कचिङ्गल नमच्चाएको भए नेपालको राजनीतिमा यति धेरै कम्युनिस्ट जनमत बढ्ने थिएन र सम्भवतः हिजोआज काँग्रेसभित्र कम्युनिस्ट सन्त्रासको सघन रुवाबासी चल्ने थिएन । यसको पहिलो कारण नेपाली काँग्रेस आफै हो । त्यति मात्र होइन छपन्न सालको चुनावी जितलाई पनि काँग्रेसले जोगाउन सकेन र पुनः मध्यावधिको घोषणा गर्न पुग्यो । योसमेत काँग्रेसको ऐतिहासिक गल्ती थियो । यसैको निहुँमा पार्टी विभाजनको सङ्कटसमेत झेल्नु पर्‍यो र राजा ज्ञानेन्द्रले सत्ता हत्याउने अवसर प्राप्त गरे । राजाले गरेको प्रतिगमन विरुद्ध झण्डै पाँच वर्ष निरन्तर आन्दोलन गर्नुपर्‍यो । अन्ततः विघठित संसदको पुनर्स्थापना भएपछि बल्ल तल्ल गल्ती सच्चियो अर्थात् आफ्नै कारणले पाँच वर्ष सडकमा भौतारिनु पर्‍यो । शाही सत्ताका अनेकन प्रताडना झेल्नुपर्‍यो ।

माथि नै उल्लेख भइसक्यो कि यतिबेला नेपालमा नेकपाको शासन छ । जनताले निर्वाचनमार्फत पाँच वर्ष सरकार चलाउने जिम्मा दिएका छन् । सरकार चलाउने जिम्मा पाउनु जनताले गरेको विश्वास हो र यो विश्वासको पछिल्तिर जनअपेक्षा समेत छ । यो सत्यलाई बिर्सिएर दल र नेता शक्ति सङ्घर्षमा मात्र तल्लिन रहनु गैरजिम्मेवारीको पराकाष्ठा हो । अब यसका केही आयामहरुको थोरै चर्चा गरौँ ।

ओली र दाहाल नेपाल पक्षबीच घमासान द्वन्द्व र धारावाहिक कचिङ्गल चलिरहेको छ । यो आगामी महाधिवेशनसम्म जारी रहने सम्भावना देखिन्छ । पछिल्लो समय आजै पार्टी फुट्यो, भोलि नै फुट्यो भने जस्तो गरी कलह जारी छ । दुवै पक्ष आआफ्नो रणनीति तर्जुमा गर्न व्यस्त देखिन्छन् । पार्टीभित्र रहेको धरातलीय यथार्थलाई अस्वीकार गर्ने प्रवृत्ति लोकतान्त्रिक राजनीतिमा ठूलो व्यङ्ग्य हो ।

तत्कालीन माओवादी केन्द्रका नेता पुष्पकमल दाहाल प्रचण्डले जुनसुकै कारणले तत्कालीन एमालेसँग चुनावी गठबन्धन गरेको भए पनि उनी त्यतिबेला पनि विकल्पविहीन थिएनन् । तत्कालीन संसदमा ओलीसँगको सत्ता समीकरण तोडेर काँग्रेसको समर्थनमा सरकार बनाएका प्रचण्डको नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग राम्रै सम्बन्ध थियो । फेरि स्थानीय तहको निर्वाचनमा आफूले सहनै गाह्रो पर्ने अबगाल झेलेर पनि भरतपुरमा प्रचण्ड पुत्री रेणु दाहाललाई काँग्रेसले महानगरको मेयर बनाएको थियो । तत्पश्चात सम्पन्न हुने संसदीय निर्वाचनमा समेत काँग्रेससँग चुनावी तालमेलको कुराकानी चल्दै थियो र उल्लेख्य प्रतिशतमा समझदारी हुँदै थियो । यस गठबन्धनबाट पनि



उनको पार्टीले वर्तमान अर्थात एमालेसँग भन्दा कम स्थान पाउने थिएनन् । तर त्यसबीचमै प्रचण्डले एमालेसँग चुनावी तालमेल गर्न पुगे । चुनावी तालमेल मात्र होइन, अन्ततः पार्टी एकता नै गर्न पुगे । निर्वाचनपछि पनि उनको काँग्रेससँग निकै पटक कुराकानी भएको थियो र प्रचण्डलाई आफ्नो समर्थनमा पाँचै वर्ष सरकार चलाउन आग्रह भएको थियो । यसका लागि लिखित सम्झौता गर्नसमेत काँग्रेस तयार थियो । मधेसी दलहरु समेतको गठबन्धनको सरकार पाँच वर्षसम्म निर्वाध रूपमा चल्न सक्थ्यो । तर उनले यो बाटो रोजेनन् किन ?

प्रचण्डको राजनीतिक जीवन निकै उतारचढाव पूर्ण देखिन्छ । अरू विषय र पक्षको चर्चा गर्दै गरौँला । तर एउटा सबैले बुझेको कुरा चाहिँ के हो भने उनी नेपालका सबैजसो कम्युनिस्ट पार्टीहरुलाई एकताबद्ध बनाएर त्यसको नेता हुन चाहान्थे । त्यस्तो महत्त्वाकाङ्क्षा र सपनालाई सार्थक बनाउने यो उपयुक्त मौका हो भन्ने उनलाई लाग्यो । अर्को कुरा एमाले अध्यक्ष केपी ओलीको स्वास्थ्यसमेत राम्रो थिएन । कम्तीमा आउने अधिवेशनसम्ममा एकीकृत पार्टीको एक्लो अध्यक्ष बन्न सकिने आकलन उनको थियो । यसका लागि उनले कसैलाई पनि बाधक देखेनन् । बामदेव गौतमसँग उनको व्यक्तिगत सम्बन्ध राम्रै थियो । यति भएपछि अरूले आफूलाई रोक्न नसक्ने उनको ठहर थियो । अर्को कुरा द्वन्द्वकालीन घटनाहरूका सन्दर्भमा उनीमाथि कतिपय जघन्य आरोपहरु थिए । पार्टीको जनमत खस्कँदै जानु, आफ्ना सहकर्मीहरुले आफ्नो साथ छाड्दै जानु र राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक परिवेश प्रतिकुल बन्दै जानुले पनि उनमा राजनीतिक आत्मविश्वास घट्दै गएको थियो । फेरि निर्वाचनकै दौरान भएको एक मात्र छोरा प्रकाशको मृत्युबाट उनी तनावग्रस्त देखिन्थे । श्रीमती सीताको स्वास्थ्यसमेत खराब थियो ।

उनलाई एक प्रकारको राजनीतिक राहत र सहजता चाहिएको थियो । उनी आफ्नो राजनीतिक जीवनको ऐतिहासिक चौबाटोमा थिए । एक, काँग्रेससँग मिलेर पुनः प्रधानमन्त्री हुने र चुनावी गठबन्धन भत्काउने, दुई, जहाँको त्यही बस्ने र थप पौरखमा लाग्ने, तीन, पुराना साथीभाइसँग एकता गरेर उग्रवादी बाटो समात्ने र चार, एमालेसँग पार्टी एकता गर्ने । उनले यही चौथो विकल्पलाई सर्वोत्तम विकल्प ठाने । आफ्नो पार्टीको नाम, चुनाव चिन्ह र मार्गदर्शक विचार सबै परित्याग गरी नेकपा बनाए । केपी शर्मा ओलीलाई तत्कालीन फोरम समाजवादी पार्टीसमेतको समर्थनमा दुई तिहाइ बहुमत प्राप्त ऐतिहासिक प्रधानमन्त्री बनाए । यो उनको राजनीतिक जीवनको ठूलो र गतिशील निर्णय थियो । साच्चै भन्ने हो भने उनी पछिल्लो ऐतिहासिक जनआन्दोलनका कमान्डर, नेपाली काँग्रेसका तत्कालीन सभापति र नेता गिरिजाप्रसाद कोइराला पछिका अग्ला नेता थिए । एउटा सशस्त्र विद्रोहलाई टुङ्ग्याउन शान्ति सम्झौतामा हस्ताक्षर गर्ने ऐतिहासिक व्यक्ति र नेता पनि थिए । उनले आफ्नो अगाडि आएको प्रधानमन्त्री पदभन्दा पार्टी एकतालाई प्रमुख ठाने र एकतालाई सार्थक तुल्याए ।

त्यति मात्र होइन प्रचण्डले आधा अवधि पाउनुपर्ने प्रधानमन्त्री पदसमेत पाँचै वर्षका लागि ओलीको पोल्टामा हालिदिए । सम्झौता बमोजिम सर्वेसर्वा हुनुपर्ने कार्यकारी पदको समेत उपयोग गर्न हिच्किचाए । सरकारले गर्ने महत्त्वपूर्ण नियुक्तिमा रमिते बनेर ओलीको दादागिरी चुपचाप सहे ।

अब पनि प्रचण्डको आगामी बाटो त्यति सहज देखिँदैन । उनीसँग जम्मा दुई विकल्प देखिन्छन् । एक, तत्कालीन एमाले जमातले उनलाई नेता स्वीकार गरेको देखिँदैन र गर्दा पनि गर्दैन । परिस्थिति स्पष्ट छ, आउने पार्टीको महाधिवेशनबाट उनलाई गाह्रो छ । त्यसैले उनले नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाललाई भावी अध्यक्ष मान्नु विकल्प हुन सक्छ । यसै बाटोबाट मात्र उनले आफ्नो इज्जत र प्रतिष्ठा जोगाउन सक्छन् र पार्टीमा शक्ति बढाउन सक्छन् र अर्को उनले नेकपाभित्र रहेको केन्द्रीय समिति र संसदीय दलमा रहेको आफ्नो शक्तिलाई जोगाएर थप शक्ति बढाउन प्रयत्न गर्नु साथै नेकपा विभाजनका लागि कानुनी मापदण्ड पूरा गर्नु । यसका लागि तत्कालीन एमालेभित्रका उपेक्षित र गतिशील नेताहरुलाई आफूसँग मिलाउनु र शक्ति बढाएर उपयुक्त समयमा नयाँ पार्टी बनाउनु या नेकपा माओवादीलाई ब्युँताउनु ।

प्रचण्डले संसदीय राजनीतिको बहुआयामिक चरित्रको भेउ पाउन सकेनन् । यस प्रणालीमा संसदीय गणितको प्रधानता रहन्छ । पार्टीको आकार सानो ठूलो जे भए पनि सरकारमा को प्रधानमन्त्री छ भन्ने कुराले ठूलो महत्त्व राख्छ । चाँदीको किस्तीमा काँग्रेसले पाँच वर्षका लागि राखिदिएको प्रधानमन्त्रीको पद लत्याउनु ऐतिहासिक भुल थियो । वर्तमान प्रधानमन्त्री ओलीसँग आफ्नो प्रतिद्वन्द्वी या प्रतिस्पर्धीलाई राजनीतिक सुकुम्बासी बनाउने ठूलो योग्यता छ । विगतमा सीपी मैनाली, राधाकृष्ण मैनालीलाई उनले असान्दर्भिक बनाइदिएको दृष्टान्त छ भने बामदेव गौतमलाई नाक रगडेर एमालेमा फर्कनुपर्ने अवस्थामा पुर्‍याइदिएका हुन् । प्रचण्डले समयमै बुद्धि नपुर्‍याउने हो भने आगामी संसदीय चुनावमा लज्जाजनक हार बेहोर्न पनि तयार रहनुपर्दछ । पार्टी अध्यक्ष बन्ने कुरा त धेरै टाढाको विषय हो

यस्तो होला भन्ने यस पङ्क्तिकारलाई लाग्दैन । सामान्यतया एउटा ठूलो पार्टी या कुनै पनि राजनीतिक दल विभाजनको दुरासय राखेर यी पङ्क्ति लेखिएको होइन । मौजुदा राजनीतिको चित्रण गर्ने प्रयास मात्र हो । तत्कालीन एमाले पङ्क्ति प्रचण्डलाई साथ लिएर नेकपा विभाजनका लागि तयार होला भन्ने लाग्दैन । तथापि पनि आफ्नो समूह पूर्ण बहुमतमा रहेको वर्तमान अवस्थालाई उपयोग गर्दै माधवकुमार नेपाललाई प्रधानमन्त्री बनाउने गरी आफू अध्यक्ष रहेर पार्टी विभाजन गर्नु पनि प्रचण्डको अर्को विकल्प हुनसक्छ । जेहोस् यथास्थितिमा प्रचण्डका भावी दिन सुखद देखिँदैनन् । तसर्थ समय छँदै होस पुर्‍याउनु उनका लागि श्रेयकर देखिन्छ ।

# मैले यसरी डाका बन्ने निर्णय गरें



**–ज्ञानमणि भूर्तेल**

सरकारी लकडाउनबाट आजित मलाई ब्यक्तिगत भोकडाउन मेटाउने क्रममा धेरैको देखासिखी गर्दै कृषिप्रधान मुलुकको अदना नागरिक भएको नाताले कुखुरा पाल्ने बिचारले उद्योग दर्ताका लागि घरेलु पुगियो । चार पाँच खाली कोठा चाहारेपछि बल्ल एउटा कोठामा कम्प्युटर गेममा ब्यस्त राष्ट्र सेवक उपलब्ध हुनु भो ।

सर , एउटा कुरो सोध्नु थियो, मधुर स्वरमा बिन्ती बिसाईयो । लकडाउन छ, पछि आउनुस्, अहिले काम हुन्न । गेममा मस्त राष्ट्र सेवकले टाउको उठाएर हेर्ने कष्ट समेत गर्नु भएन । मैले पुनः बिन्ती गरें- उद्योग दर्ता गर्न के के गर्नु पर्ला सर ? बाहिर भित्तामा टाँसेको बडापत्र पढ्ने उर्दि जारी गर्नु भो । पढिसकेर 'ज्ञानमणि इज अ गुड ब्वाई' भएर बाटो लागें ।

एक्सेल बैंक अगाडि सडक पेटीमा राखेको स्कुटरमा बसेको मात्र थिएँ, एउटा भाई रसिद तेर्स्याउँदै आईपुग्यो ।

के हो भाई ? पार्किङ्ग, दस रुपैयाँ दिनुस् १ लौ, अचेल पार्किङ्ग उठाउन पाईन्न त भाई, त्यसमाथि मैले त बाटो छेउमा राखेको छु, कतै पार्किङ्ग पनि लेख्या छैन, म त दिन्न । धेर किचकिच नगर्नुस्, जानुस्, नगरपालिकालाई भन्नुस् । पख, म जीवनलाई फोन लाउँछु । मैले फुर्ति लाउँदै फोन लाएँ । मेरो फुर्तिले वीरगती प्राप्त गर्‍यो, फोन उठेन । केहीबेरको गलबद्दी पछि पैसा नतिरी हिँडियो ।

केही दिनपछि फेरि बुझ्न् गईयो घरेलु । पार्किङ्गको लफडाबाट जोगिन स्कुटर परिवार नियोजन संघभित्र राखियो । घरेलुको गेटैमा सहयोगी राष्ट्र सेवकले जानकारी दिए- २२ गते खुल्ने सम्भावना छ । २२ गते आउनुस् । हस् हजुर भन्नुको विकल्प थिएन ।

परिवार नियोजन संघबाट स्कुटर लिएर निस्किँदा फेरि बाटो छेक्यो पार्किङ्ग भाईले । संघमा राखेपनि पार्किङ्ग शुल्क चैं तिर्नैपर्ने उसको तर्कलाई मेरो फोन लाउने धम्किले यसपटक केही लछारपाटो लाएन । बरु मुर्दा उठ्ला फोन उठेन । पैसा चैं यसपाली पनि तिरिएन । जीत बहादुर नै भईयो ।

२२ गते सानो गाडी लिएर गएकोले झन्झटमुक्त र सुरक्षित ट्राफिक कार्यालय भित्र राखियो । प्रमुख राष्ट्र सेवकले भोलिपल्ट मात्र टुङ्गो लाग्ने बताएपछि मेरो काम सकियो । एक मित्रले उपाय सुझाए- वडामा दर्ता गरेर पान नम्बर लिएर ब्यबसाय गर्दा पनि हुन्छ । लौ न त बुझिहालौं भनेर आन्तरिक राजस्व छिर्न खोज्दा पालेले तगारो लायो । कोरोना लाग्छ । गेट नखोल्नु भन्ने आदेश छ रे ।

कुरा सुनेर दिमाग तात्यो । एता जा छैन उता जा छैन । यसो गर छैन उसो गर छैन । आँखा चिम्लेर के के भनेर हप्काएँ आफैंलाई थाहा भएन । जबर्जस्ति गेट ठेलेर पसें । निधारमा 'सौरभ गन' तेर्स्यायो । काम गरेन । रिमोट ठटाए झैं दाहिने हातले समातेर देब्रे हातमा हान्न थाल्यो । साईन्स पढेका डाक्टरले चलाउने कुरो बिचरो कमर्श पढेको डाक्टरले कसरी चलाउन जानोस् ? मेरो रिस गन माथि पोख्यो- ठाँडो भन्या बेला काम पनि गर्दैन ।

काम सकेर निस्केपछि उहि लफडा, पार्किङ्ग रु २० । ट्राफिक कार्यालय समेत पार्किङ्ग एरिया रे । यो त अति भो भाई । खुलेआम डकैती हो यो । ट्राफिक अफिसभित्र समेत पार्किङ्ग तिर्नु पर्ने ?

डकैती भने डकैती नै सहि । कति पल्ट भन्नू तपाईंलाई ? नगरपालिकालाई भन्नुस भन्या हैन ? खुब जीवन भाई हो भनेर फुर्ति लाउनु हुन्थ्यो त, लाउनुसे न फोन । फोन गरी टोपलें, फेरि पनि उठेन फोन । मिस्टेक यहीँ नेर भएछ, म जीवनलाई फोन लाउने, नम्बर परेछ मेयरको । अनि कसरी उठावोस् त फोन जीवनले । जीवन हुँदा फोन उठाउथ्यो । हाई हेल्लो हुन्थ्यो । आत्मियता थियो । जहाँ पनि जतिबेला पनि उपलब्ध । कोहि मर्न लागेको छ भने मर्नु अघि नै शंख बोकेर उपस्थित । मरेपछि शंख फुक्दै अघिअघि सेल्फी खिचेर फेसबुकमा पोस्ट्याएर सबैलाई सुसूचित गर्ने मिलनसार जीवन । तर अब उहाँ हाम्रो मेयर । हाम्रो नगरपिता । सबेरै उठेर कता कुद्नु हुन्छ ? सिमित ब्यक्तिलाई मात्र थाहा हुन्छ । हत्तपत्त उपलब्ध हुनुहुन्न पहिले जस्तो । हुन पनि त भएन नि मेयर जस्तो मान्छे । मैले त्यो अब्यवस्थित र डकैती शैलिको पार्किङ्गको बारेमा ब्यवस्थित गर्न सल्लाह दिने हेतुले गरेको फोन समेत उठाईबक्सेन । उठाउन भ्याईबक्सेन । पहिले सेल्फी जीवन अहिले सेल्फीस मेयर रे, एक नगरबासिको टिप्पणी ।

उद्योग दर्ताको अड्चन । त्यसमाथि कोरोना कहर र लकडाउनका कारण उत्पन्न बाधाका कारण यसपाली धान रोप्ने निर्णयमा पुगियो । कृषिप्रधान मुलुक । संघर्षले खारिएका युवा कृषि मन्त्री । कुशल राज्य ब्यवस्थापक भएका कारण सजिलै बीउ उपलब्ध हुने कुरै भएन । जसोतसो बीउ खोजेर रोपाइँ गरियो । अब मलको टेन्सन सुरु भो । साल्ट ट्रेडिङ्ग गएर बुझ्यो, कलकत्ताबाट हिंडिसक्यो । कृषि सामग्री गएर बुझ्यो, बीरगंजबाट हिंडिसक्यो । आउँदैछ । चिप्लेकिरामै चढेर आउने हो कि क्या हो ? अझैसम्म झापा आईपुगेको छैन । सूत्र पत्ता लाग्यो बोर्डरमा पाईन्छ रे । पुगियो बनियानी बोर्डर । रातिराती 'मुस्कान सहितको सेवा'लाई झुक्याउँदै, फकाउँदै, मन्साउँदै राष्ट्रका होनहार युवाले साईकलमा ५ किलो १० किलो गर्दै बोरा भर्दा रैछन् । बिस्तारवादी भारतमा ३०० पर्ने मल गणतन्त्र नेपालको भद्रपुर आईपुग्दा 'मुस्कान सहितको सेवा' का कारण झण्डै ३००० पुग्दो रैछ ।

दिक्क लाग्यो । उद्योग धन्धा गरौं वातावरण छैन । कृषि गरौं त्यो पनि छैन । के चैं गरौ त ? चौतारामा बसेर खैनी मोलेर चेपे पछि म भित्रको बुद्धत्व बोल्यो- छोड केटा यो उद्योग धन्धाको चक्कर । तँ डाका बन । तँ भित्र कुशल डाका बन्ने क्षमता छ । यो ब्यवसाय अहिले नेपालमा फस्टाएको पनि छ । अब्यवस्थित रूपमा डकैती शैलीमा पार्किङ्ग उठाउने नगरपालिका समेतलाई तैंले टेरिनस् । पैसा तिरिनस् । कर कार्यालयको पालेको सातो लिँदै भित्र पस्न समेत सफल भईस् । रातभरी बोर्डर कुरेरै भएपनि तस्करी गरेर मल ल्याउन सफल भईस् । हेर केटा तँ डकैती ब्यवसायमा लाग । आफ्नो क्षमताको सदुपयोग गर । सफल हुन्छस् ।

मलाई डकैती ब्यवसायमा लागेर सफल डाका बन्ने तिब्र ईच्छा जाग्यो । ईच्छा त जाग्यो नि, तर बन्ने कसरी ? गोजिमा हात घुसार्दा आधा पुरिया खैनी बाहेक एक सुको पनि भेटिएन । आफूसँग एउटा बन्दुक किन्ने पैसा समेत छैन । डाका हुन त एउटा बन्दुक चाहियो नै । कसरी बन्ने डाका ?

नेता बनेर चुनाव लडौं भने चुनाव आएकै छैन । राष्ट्रिय सभामा जाउँ भने तान्ने कोहि छैन । कतै नियुक्ति लिउँ भने माफिया सम्धी छैनन् । प्रधानमन्त्रीको सल्लाहकार बनौं भने यमराज नै उनका नजिक छन । झट्ट दिमागमा आयो । जसको कोहि हुन्न उसको सरकार हुन्छ । झन् अहिलेको सरकार त गरीवको हित गर्ने सरकार । एक से एक गरीवले चलाएको सरकार । निकै अघि ईलामतिरका एक गरीव किसानलाई खोटो संकलन गर्न दिएको अनुदानले बिरामी परेकाले अहिले फेरि उपचार खर्च अरबौं थपिदिएको सम्झना भो ।

अब म पनि "राष्ट्रिय डकैती प्रतिष्ठान खोल्छु । सरकारले एउटा बन्दुक किन्ने अनुदान मिलाईदेओस् । निष्ठापूर्वक डकैती गर्छु । ईमानदारीपूर्वक हिस्सा बुझाउँछु । ईलामे किसान जस्तो पचाउने नियत राख्दिन । जान अन्जानमा केही तलमाथि भएमा सरकारको दक्षता र क्षमताको सहयोग लिन्छु । ब्यवसायकै क्रममा कसैलाई"किसान आन्दोलन गरिएछ भने ढुंगेललाई झैं भूर्तेललाई पनि माया गर्नु हुनेछ भन्नेमा आशाबादी छु । तपाईंको नजर नपरे पनि एकाध बर्ष जेल बसेपछि न्यायाधीशको चित्त दुखिहाल्छ । के को चिन्ता ?

सबै कागज पत्र मिलाएर छिटै राजधानी जाँदैछु । मागेर खान पो लाज । संवैधानिक हिसाबले लुटेर खान के को लाज ? हैन त उखान अङ्कल ?

चाँडै भेटौला । सहयोग गर्नुपर्छ नि ।

# साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

## बेलायतले कोरोना भाइसविरुद्धका भ्याक्सिनलाई अनुमति दियो



–एजेन्सी

बेलायत कोरोना भाइरसविरुद्धको भ्याक्सिनलाई अनुमति दिने पहिलो मुलुक भएको छ । तीन चरणको परीक्षणपछि बेलायतमा कोरोनाविरुद्धको भ्याक्सिनले मान्यता पाएको हो । बेलायतले अमेरिकी फार्मा कम्पनी फाइजर र जर्मन कम्पनी बायोएनटेकले बनाएको कोरोनाविरुद्धको भ्याक्सिनलाई बुधबार अनुमति दिएको हो । यो भ्याक्सिन क्रिसमस भन्दा अगाडि नै करिब ८ लाख जना ब्रिटेनबासीलाई लगाइने भएको छ ।

विश्वभर अहिले २१२ वटा भ्याक्सिन निर्माणको काम चलिरहेको छ । चीनले पहिलो चरणको परीक्षणअघि नै चारवटा भ्याक्सिन र रूसले तेस्रो चरणको परीक्षणअघि नै दुई भ्याक्सिनलाई अनुमति दिएको थियो । दुवै देशमा भ्याक्सिन लगाउने क्रम सुरु भइसकेको छ । तर तीन चरणको परीक्षणपछि विश्वमा अहिलेसम्म कुनै पनि भ्याक्सिनलाई अनुमति मिलेको थिएन । यसैकारण फाइजर पहिलो यस्तो भ्याक्सिन भएको छ जसले तीन चरणकै परीक्षणपछि सरकारबाट अनुमति पाएको छ ।

फाइजर र बायोएनटेकको यो कोरोना भ्याक्सीन तेस्रो चरणमा ९५ प्रतिशतसम्म काम गर्न सफल भएको थियो । बुधवार अनुमति मिल्नु पहिले बेलायतको मेडिसिन्स एन्ड हेल्थकेयर प्रोडक्ट्स रेगुलेटरी एजेन्सी स्वास्थ्य सुरक्षामा नगरी फाइजर भ्याक्सिनलाई जतिसक्दो चाँडो अनुमति दिनेछ ।

अनुमति दिएपछि बेलायत सरकारले अब भ्याक्सिन दिनुपर्ने समूहलाई प्राथमिकतामा राखेर दिन थालिने छ। यो भ्याक्सिनको पहिलो खुराक वृद्धवृद्धालाई दिने तयारी भइसकेको छ। ८ लाख डोज भ्याक्सिन ५० वटा अस्पतालमार्फत दिइने भएको छ ।

साधरणतः कुनै पनि भ्याक्सिनको रिसर्चनदेखि लिएर त्यसलाई बनाउँदा र अनुमतिसम्म १० वर्षसम्म पनि लाग्न सक्छ । तर फाइजर यस्तो पहिलो भ्याक्सिन भएको छ, जसले कन्सेप्टदेखि उत्पादनसम्म करिब १० महिना मात्रै कुर्नुपरेको छ । फाइजरले नै अमेरिकामा पनि अनुमतिका लागि निवेदन दिएको छ। अहिलेसम्म फाइजर( बायोएनटेक, मोडर्ना, रूसको स्पूतनिक ५ र अक्सफोर्ड विश्वविद्यालय( एस्ट्राजेनेको भ्याक्सिनको तेस्रो चरणको नतिजा आएको छ । बेलायतले सात अलग(अलग उत्पादकसँग ४ करोड भ्याक्सिन किन्ने सहमति जनाएको छ ।

## मेची नगरमा दुई दिने अभिमुखीकरण कार्यक्रम



–सन्दर्भ समाचारदाता

मेचीनगर । मेचीनगर नगरपालिकामा बिहीवारबाट महिला हिंसा विरुद्धको दुईदिने अभिमुखीकरण कार्यक्रम शुरु भएको छ । 'लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता, व्यक्ति , समाज र सवैको ऐक्यवद्धता' भन्ने नारा सहित शुरु अभियानका अवसरमा नगरपालिका महिला विकास शाखाले कार्यक्रम आयोजना गरेको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझाको अध्यक्षतामा शुरु कार्यक्रमको प्रमुख अतिथि नगरपालिकाका कार्यवहाक प्रमुख मीना पोखरेल उप्रेतीले व्यानर वाचन गरेर उद्घाटन गरिन् ।

अभिमुखीकरणमा सहभागीहरुलाई पहिलो दिन अधिवक्ता कविता शर्माले लैङ्गिक हिंसा निवारणमा स्थानीय तहको भूमिका बारेमा सहभागीहरुलाई जानकारी गराइन् । अधिवक्ता शर्माले स्थानीय तहमा आएका उजुरीबाट स्थानीय स्तरमा कस्ता प्रकारका लैङ्गिक हिंसा रहेका छन् भनेर हेर्न सहज हुने भन्दैं यसका आधारमा लैङ्गिक हिंसा निवारणका कार्यक्रम बनाउन र परिमार्जन गर्न सहजहुने सहभागीहरुलाई बताइन् । कार्यक्रममा कार्यपालिकाका सदस्यहरु, वडास्तरीय मेलमिलाप समितिका पदाधिकारी र महिला तथा बालबालिकाकाक्षेत्रमा क्रियाशील संघ संस्थाका प्रमुख प्रतिनिधिसहित २५ जना सहभागी रहेका छन् ।

शुक्रबार नगरका कार्यवहाक प्रमुख उप्रेतीले कार्यपत्र प्रस्तुत गर्ने तथा नगरपालिकामा हिंसाका घटना कम गर्न कस्तो नीति बनाउने तथा त्यसमा कसरी वजेट विनियोजन गर्ने विषयमा चर्चा हुने छ । उद्घाटन कार्यक्रमको सञ्चालन नगरपालिकाका वरिष्ठ कार्यकारी अधिकृत अनन्तप्रकाश वस्तीले गरेका थिए ।

## गौरीगञ्जमा १५ शैयाको आधारभूत अस्पताल



–सन्दर्भ समाचारदाता

गौरीगंज । झापाको गौरीगंज गाउँपालिका वार्ड नं। ६ खजुरगाछीमा निर्माण हुन लागेको आधारभूत अस्पतालको प्रदेश नं.१ आन्तरिक मामिला तथा कानुन मंन्त्री हिक्मत कुमार कार्कीले शिलान्यास गरेका छन् । नेपाल सरकारले चालु आर्थिक वर्ष २०७७र०७८ मा एकैसाथ देशभरमा ३ सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल बनाउने लक्ष्य अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्री कार्कीले गौरीगंजमा १५ शैंयाको अस्पतालको शिलान्यास गरेका हुन् ।

गौरीगंज स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रका अनुसार १८ करोड रूपैयाँको लागतमा अस्पताल निर्माण हुन लागेको हो। त्यसमध्ये ३ करोड २३ लाख रूपैयाँ निर्माण कार्य शुरूवात गर्न गाउँपालिकामा आईपुगेको छ । १ सय ७ वटा स्थानीय तहमा १५ तथा बाँकी स्थानीय तहमा ५ शैंयाको अस्पताल बन्न लागेको हो। नीति तथा कार्यक्रमा ५ देखि १५ शैंयाको अस्पताल निर्माण गर्ने लक्ष्य भए पनि सरकारले सवैतिर १५ शैयाको अस्पताल निर्माण गर्ने स्वास्थ्य मन्त्रालयको भनाई छ ।

आगामी दुईवर्षभित्रमा गौरीगंजमा निर्माण हुन लागेको १५ शैंयाको अस्पताल सञ्चालनमा ल्याउने सरकारको लक्ष्य रहेको छ । १५ शय्याको अस्पतालमा तीनजना मेडिकल अफिसरसहित २७ स्वास्थ्यकर्मी खटिनेछन् । आधारभूत उपचार, स्त्रीरोग, बालरोग र सामान्य शल्यक्रियासहितको सेवा ती अस्पतालले दिनेछन्। संघीय सरकारको बजेट र डिजाइनमा स्थानीय सरकारले काम गर्ने जनाईएको छ ।

गौरीगंज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा अस्पताल सञ्चालनका लागि पालिकासँग समन्वय गरेर नेपाल सरकारले काम गर्न लागेको जनाईएको छ । आगामी दुईवर्षभित्र काम सम्पन्न गर्ने गरि अब गाउँपालिकाले टेण्डर प्रक्रिया शुरु गर्ने छ । यो बहुवर्षीय योजना रहका कारण पालिकालाई यसवर्ष आशिंक र आगामी वर्ष बाँकी रकम पठाउने सरकारको तयारी छ ।

शिलान्यास कार्यक्रममा संविधानसभा सदस्य दिपक कार्की, कार्वाहक प्रमुख प्रशासकीय अधिकृत हेमचन्द्र नेम्वाङ, वार्ड अध्यक्षहरू मखना महतो, कुल प्रसाद गिरी, विजय प्रसाद सिंह, ईलाका प्रशासन कार्यालय गौरीगंजका प्रमुख धनन्ज्य कुमार साह, नेकपा गौरीगंज अध्यक्ष विद्यानन्द राजवंशी, कार्यपालकिा सदस्यहरु राधा अधिकारी, जेठा मुर्मु, पुर्व गाविस अध्यक्ष विजय अग्रवाल, समाजसेवीहरू श्याम ढकाल, जयनारायण दास, उद्योग वाणिज्य संघ गौरीगंजका सचिव श्रवण गिरीलगायत विभिन्न संघ संस्थाहरूको प्रतिनिधिहरूको सहभागिता थियो । गौरीगंज गाउँपालिका उपाध्यक्ष दिपिन्द्र थापाले स्वागत गरेको कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए ।

पुरानो २५ शैय्याको अस्पतालमा घेराबेरा छैन

गौरीगंज गाउँपालिका वार्ड नं ६ खजुरगाछीमा यसअघि पनि २५ शैय्याको अस्पताल निर्माण भईसकेको छ । प्राथमिक स्वास्थ्य केन्द्र खजुरगाछी गौरीगंजलाई स्तरोउन्नति गरि २५ शैय्या अस्पताल निर्माण भएको हो । उत्त भवन ३ करोड ६२ लाख रूपैयाँको लागतमा १८ महिनामा सक्नेगरी ठेक्का सम्झौता भएको थियो ।

उक्त भवन २०६६ सालमा ठेक्का लागेर ६ विघा १७ कठ्ठा क्षेत्रफल मध्ये ३ विघामा सो अस्पताल करिव २ वर्षअघि निर्माण कार्य सकिएको थियो । पुष्पाञ्जली शंकरमाली कुनसालिङ्ग जेभी प्रालिले भवन निर्माणका लागि जिम्मा पाएको थियो ।

अस्पतालसंगै बनाईएको शव परिक्षण गृह खण्डहर भईसकेको छ । खोलाको डिलैमा रहेको उत्त शव परिक्षण गृह स्थानियको लागि शौचालयको रूपमा परिणत भएको छ । अस्पतालको भित्री कोठाहरूमा वर्षातको समयमा पानी चुहिने गरेको छ भने अस्पतालमा घेराबेरा समेत छैन । हाल उत्त भवनमा ५ वेडको कोभिड अस्पतालको रूपमा सञ्चालनमा छ ।

झापा मेचीनगर –१० को धुलावारीमा सोमवार १५ शैयाको अस्पतालको शिलान्यास भएको छ । शिलान्यास भई निर्माण हुन लागेको आधारभूत अस्पतालको मेचीनगर नगरपालिका प्रमुख विमल आचार्य र उपप्रमुख मीना पोखरेल उप्रेतीले संयुक्तरुपमा शिलान्यास गरेका हुन् नेपाल सरकारले चालु आर्थिक वर्ष २०७७/०७८ मा एकैसाथ देशभरमा ३ सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल बनाउने लक्ष्य अनुसार मेचीनगरमा अस्पताल निर्माण हुन लागेको हो । यसलाई नीति तथा कार्यक्रममा समावेश गरिएको थियो। ती मध्ये २ सय ५० वटा पालिकामा सोमबार एकसाथ अस्पताल शिलान्यास गर्ने योजना अनुसार मेचीनगरमा १५ शैयाको अस्पतालको शिलान्यास गरिएको छ ।

१ सय ७ वटा स्थानीय तहमा १५ तथा बाकी स्थानीय तहमा ५ शैंयाको अस्पताल बन्न लागेको छ। नीति तथा कार्यक्रमा ५ देखि १५ शैंयाको अस्पताल निर्माण गर्ने लक्ष्य भए पनि सरकारले सवैतिर १५ शैयाको अस्पताल निर्माण गर्ने स्वास्थ्य मन्त्रालयको भनाई छ । अस्थायी अस्पताल सञ्चालनका लागि पालिकामा १०/१० लाख बजेट पठाई सकिएको र त्यो कार्यान्वयनको चरणमा रहेको छ । मेचीनगर स्वास्थ्य शाखा सहसंयोजक रामनारायण यादवले १८ करोड ६८ लाख २ हजार रुपैयाँको लागतमा अस्पताल बन्न लागेको जानकारी दिए ।

अहिले ७ सय ५३ पालिकाहरुमध्ये १ सय ४ वटामा विभिन्न तहका अस्पताल रहेका छन् । अस्पताल नरहेका ६ सय ४९ पालिकामा आगामी दुई वर्षभित्रमा कम्तीमा १५ शैयाको अस्पताल सञ्चालनमा लूयाउने सरकारको उदेश्य छ । मेचीनगर–१० का वडाध्यक्ष सुदय पनेरुको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा अस्पताल सञ्चालनका लागि पालिकाहरुसँग समन्वय गरेर नेपाल सरकारले काम गर्न लागेको नगरपालिकाले जनाएको छ ।












# गाँजालाई खतरनाक लागुपदार्थको सूचीबाट हटाइयो



–चेतना गुरागाईं

राष्ट्रसंघीय नियोगले गाँजालाई खतरनाक लागुपदार्थको सूचीबाट हटाउने प्रस्ताव पारित गरेको छ । यो निर्णयसँगै गाँजालाई औषधिजन्य वनस्पतिका रूपमा स्वीकार गरिएको छ । लागुऔषधसम्बन्धी राष्ट्रसंघीय नियोगले बहुमतका आधारमा प्रस्ताव पारित गरेको अन्तर्राष्ट्रिय समाचार संस्था सिएनएनले जनाएको छ। विश्व स्वास्थ्य संगठनले गाँजालाई खतरनाक लागुऔषधको सूचीबाट हटाउन सिफारिस गरेको थियो ।

भियनामा सम्पन्न नियोगको वार्षिक सम्मेलनमा गाँजाजन्य वस्तुलाई खतरनाक लागुपदार्थको सूचीबाट हटाउने प्रस्तावमा २७ देशले समर्थन जनाएका थिए भने २५ देशको विपक्षमा मत परेको थियो । प्रस्तावको पक्षमा मतदान गरेका देशमध्ये नेपाल पनि रहेको म्यारूवाना बिजनेस डेलीले लेखेको छ ।

अन्य पक्षधर राष्ट्रहरुमा अमेरिका, बेलायत, दक्षिण अफ्रिका, क्यानडा, अस्ट्रेलिया, फ्रान्स, इटाली, जर्मनी, भारत लगायत रहेका छन् । जापान, इराक, ब्राजिल, चीन, रूस, पाकिस्तान लगायतले भने विपक्षमा मतदान गरेका थिए । युक्रेन मतदानमा अनुपस्थित रहेको समाचार एजेन्सी रोयटर्सले जनाएको छ ।

राष्ट्रसंघको "सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स १९६१" अनुसार गाँजालाई खतरनाक लागुपदार्थको सूचीमा राखिएको थियो । पछिल्लो निर्णयअनुसार अब यसलाई औषधिजन्य गुण भएको र कम खतरनाक लागुपदार्थको सूचीमा वर्गीकरण गरिएको छ ।

"संसारभर औषधिका रूपमा गाँजा प्रयोग गर्ने लाखौं मान्छेका लागि यो सुखद समाचार हो," गाँजाबारे वकालत गर्दै आएका संस्थाहरूले जारी गरेको विज्ञप्ति उद्धृत गर्दै सिएनएनले लेखेको छ ।

इन्टरनेसनल ड्रग पोलिसी कन्सोर्टियमका कार्यकारी निर्देशक आन फोर्डामले भने वर्गीकरण हेरफेरले मात्र गाँजाबारे फैलाइएको गलत हल्लामा परिवर्तन नआउने बताएका छन् । उनी भन्छन्, "यो निर्णयले तत्काल गाँजा खुला गर्न सम्भव नहोला । तर, राष्ट्रसंघको निर्णय कुरेर बसेका धेरै देशलाई अब गाँजाको औषधीय गुण स्वीकार गर्न र यसलाई औषधिका रूपमा प्रयोग गर्न सहज हुनेछ,"

पछिल्लो समय भएका विभिन्न वैज्ञानिक अनुसन्धानले गाँजा औषधिका रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पुष्टि गरेको छ। यही अनुसन्धानका आधारमा गाँजा सेवनलाई कानुनी मान्यता दिने पहिलो देश उरुग्वे हो ।

नेपालमा गाँजा उत्पादन र बिक्रीको इतिहास लामो छ । तराईका बारा, पर्सा, सिरहा, धनुषा, महोत्तरी तथा मध्य र पश्चिमका पहाडी जिल्लामा नगदे बालीका रूपमा गाँजा उत्पादन हुन्थ्यो । दोस्रो विश्वयुद्धकै समयदेखि नेपाली गाँजा भारत र अन्य देशमा ब्रान्डका रूपमा स्थापित भएको मानिन्छ । "हिप्पी" युगको सुरूआतसँगै काठमाडौंमा गाँजा खान 'गोरा साधु हरूको घुइँचो लाग्न थालेको थियो । त्यति बेला यहाँ ३० वटा जति गाँजा र चरेस केन्द्र खुलेका थिए । विदेशीहरू स्वतन्त्र रूपमा "ब्रान्डेड" गाँजा खान असन र न्यूरोडका पसल आइपुग्थे यसको बढ्दो व्यापारसँगै सरकारले सन् १९६१ मा लागुऔषध ऐन जारी गर्‍यो । लगत्तै अर्को वर्ष उत्पादन, बिक्री तथा आयातनिर्यातमा अनुमतिपत्र लिनुपर्ने नियम बनायो । गाँजा नेपालको राजस्वमा ठूलो हिस्सा ओगट्ने व्यवसाय हुँदै गर्दा समयले कोल्टे फेर्‍यो । राष्ट्रसंघबाट दबाब आएपछि सरकारले गाँजा उत्पादन र किनबेचमा सन् १९७३ जुलाई १६ देखि प्रतिबन्ध लगायो । त्यस बेला राष्ट्रसंघको "नार्कोटिक्स कन्ट्रोल बोर्ड" ले गाँजालाई हिरोइनजस्तो कडा



लागुपदार्थको दर्जामा राखेको थियो । तेतिबेला आफ्नो नीतिअनुसार गाँजा प्रतिबन्ध लगाउन सहयोग नगरेको भन्दै राष्ट्रसंघले नेपालको चर्को आलोचना गर्‍यो । एसिया र पश्चिमी देशमा प्रतिबन्धित नभएको गाँजा तुरून्तै प्रतिबन्ध लगाउन नेपाललाइ उसले दबाब दियो ।

खासगरी हिप्पी कालमा काठमाडौं छिरेका कतिपय अमेरिकी 'लागुऔषध सेवन गर्नु यतै बस्न थालेपछि अमेरिका चिन्तित थियो । र, उसकै दबाबले नेपालमा प्रतिबन्ध लाग्यो ।

गाँजाको महत्व हामीकहाँ परम्परागत रूपले नै स्वीकारिएको छ । उति बेला बूढापाकाले अनिद्रा र शारीरिक पीडा हटाउन तथा एक्ला, अशक्त र पट्यारलाग्दा दिन बिताउन गाँजा सेवन गर्ने चलन थियो । भजनकिर्तनको आनन्द लिन, चाडपर्व मनाउन, घरपालुवा जनावर उपचार गर्न र साधुहरूलाई दान दिन पनि गाँजा प्रयोग हुन्थ्यो ।

नेपालमा हिन्दु धर्मको प्रभावले गाँजा चलनमा आएको पाइएको छ । नेपाल र भारतमा फागु पर्व बेला गाँजाको फूल (भाङ) खाने चलन छ । भगवान शिवले समुद्र मन्थन बेला अमृत शुद्धीकरण निम्ति शरीरबाट गाँजा उत्पादन गरेको भनाइ छ । अर्को व्याख्याअनुसार त्यही अमृतको थोपा जमिनमा परेपछि गाँजाको बिरूवा उम्रेको हो ।

गाँजालाई मान्छेको दैनिक व्यवहारमा पनि उपयोगी मानिएको छ । नेपालको मध्यपश्चिम पहाडमा यसले दाउरा आपूर्ति गर्छ । यसको चोपबाट चरेस उत्पादन हुन्छ, जुन महँगो हुनाले "ब्ल्याक गोल्ड" भनिन्छ । गाँजाको रेसाबाट कपडा र पातबाट उच्च कोटीको प्रांगारिक मल बनाइन्छ ।

नेपालमा गाँजा खुलाउनुपर्ने विषयले पहिलोपटक संसदमा २०७५ फागुनमा प्रवेश पाएको थियो । प्रतिनिधिसभा बैठकमा सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सांसद विरोध खतिवडाले यसबारे कुरा उठाएका थिए । बैठकमा बोल्न दिइएको तीन मिनेट समयमा सांसद खतिवडाले विदेशमा धमाधम गाँजा खुला भइरहेका बेला नेपालले समयमै यसबारे पहल गर्नुपर्ने बताएका थिए ।

## हिंसा पीडितको सुरक्षाका लागि

# स्थानीय सरकार सम्वेदनशील हुन नसकेका आरोप



–सन्दर्भ समाचारदाता

भद्रपुर। झापाका स्थानीय सरकार हिंसा पीँडितको सुरक्षाका लागि सम्वेदनशील हुन नसकेको सरोकारवालाले आरोप लगाएका छन् । लैंगिक हिंसा बिरूद्धको १६ दिने अभियान अर्न्तगत गैर सरकारी महासंघ झापा तथा एस एन जेडीको आयोजनामा चन्द्रगढीमा सम्पन्न झापा जिल्लामा लैंगिक हिंसाको अवस्था विषयक अर्न्तक्रियामा सहभागीहरूले स्थानीय सरकार हिंसा पीँडितको सुरक्षाका लागि सम्वेदनशील हुन नसकेको आरोप लगाएका हुन् ।

घर, परिवार तथा आफन्तबाटै लैंगिक हिंसाको शिकार भएर बस्न नसक्ने अवस्थाका नागरिकहरूको सुरक्षाका लागि सुरक्षित आवासको समेत व्यवस्थापन गर्न स्थानीय सरकारले बेवास्ता गरेको अधिकारकर्मीहरूको गुनासो रहेको छ । कार्यक्रममा अधिकारकर्मी विष्णुप्रसाद खरेल, रेखा अधिकारी लगायतले धारणा राख्दै तीन तहका सरकार रहेको भए पनि लैंगिक हिंसामा परेर पीडित भएकाहरूको सुरक्षा दिने दायित्व कुनै पनि सरकारले नलिँदा समस्या आइपरेको गुनासो पोखेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सेनाले घर भित्रै हुने गरेका लैंगिक हिंसालाई लुकाउने परिपाटी अन्त्य नभएसम्म हिंसा पीँडितले न्याय पाउन नसक्ने भन्दै जस्तासुकै हिंसा गर्नेलाई पनि कानुनी दायरामा ल्याउने प्रष्ट पारेका थिए ।

गैर सरकारी महासंघ झापाका अध्यक्ष हरिप्रसाद गौतमको अध्यक्षता तथा जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठ, रेडक्रस झापाका सभापति लोकराज ढकाल लगायतले मन्तव्य राख्दै परम्पराका नाममा हिंसा सहनु नहुने धारणा राखेका थिए ।

# झापाको अर्जुनधारामा पान खेती



–सन्दर्भ समाचारदाता

अर्जुनधारा । झापाको अर्जुनधाराका किसानहरुले सामूहिक रुपमा व्यवसायिक पान खेती शुरु गरेका छन् । अर्जुनधारा १० का ८ जना किसानहरुले श्रीकालिस्थान कृषक समूह गठन गरि कालि, बंगला, जाजी जातको व्यवसायिक रुपमा पान खेती शुरु गरेका हुन् ।

भारतको कलकत्तास्थित कागदिपवाट विरुवा र प्राविधिक ल्याएर एसियाकै दोश्रो जातको रुपमा परिचित कालि बंगला जाजी पानको खेत जिल्लामै मात्र नभई संभवत नेपालमा नै पहिलो र व्यवसायिक रुपमा पानको नमुना खेती शुरु गरिएको किसानहरुको दावी छ । समूहमा किसान दिनबन्धु पोखेलका अनुसार पान खेतीका लागि ५ कठ्ठा जमिन प्रतिकठ्ठा बार्षिक ३ हजार रुपैया भाडामा लिएर समूह मार्फत पान खेती शुरु गरिएको हो । प्रारिम्भक चरण किसानले पान बगानमा हाल ८ हजार विरुवा लगाएका छन् ।

# भाषा, लिपि, आदिको सम्बर्द्धन गर्न सरकारसँग माग

–सन्दर्भ समाचारदाता

भद्रपुर । नेपाल आदिवासी जनजाति महासंघ झापा तथा आबद्ध जातीय संस्थाका प्रमुखहरुले आदिवासी जनजातिको भाषा, लिपि, साहित्यको संरक्षण, सम्बर्द्धन र विकासमा सहयोग गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । शनिवार बिर्तामोडमा भएको छलफलमा उनीहरुले स्थानीय, प्रदेश र संघीय सरकारलाई उक्त विषयमा ध्यानाकर्षण गराएका हुन् । आदिवासी जनजातिका भाषा र लिपिको संरक्षण र विकासका लागि सञ्चारमाध्यममा सामग्री प्रकाशन गर्ने लगायतका काम गर्न आफूहरु अग्रसर हुने बताउँदै उनीहरुले त्यस कार्यका लागि ठोस सहयोग गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

महासंघ तथा जातीय संस्थाका प्रमुखहरुले संविधानमा उल्लेख भएको स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र, उपस्वायत्त क्षेत्र लगायतका व्यवस्था तत्काल कार्यान्वयन गर्न समेत सरकारसँग माग गरेका छन् । उनीहरुले झापामा रहेको लोपोन्मुख जाति खडिया र मुन्डा जातिलाई संघीय कानून अनुसार तत्काल सूचीकरणका लागि समेत ध्यानाकर्षण गराएका छन् । त्यस्तै स्थानीय सरकारबाट नीति कार्यक्रम र बजेट बनाउँदा लक्षितवर्ग लगायत सबैको सहभागितामा सामाजिक समावेशीकरणको सिद्धान्त बमोजिम उक्त कार्य गर्न स्थानीय



सरकारलाई आग्रह गर्दै आफ्नोतर्फबाट सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन् छलफलमा महासंघका अध्यक्ष भरतकुमार श्रेष्ठ, पूर्वअध्यक्ष तथा नेपाल तामाङ घेदुङका नेता प्रेम घिसिङ, महासंघका उपाध्यक्ष पाण्डवलाल चौधरी, नेपाल कुमाल समाज सुधार समितिका अध्यक्ष अम्बरबहादुर कुमाल, थारु कल्याणकारिणी सभाका जिल्ला अध्यक्ष पुष्पलाल चौधरी, राजवंशी समाज विकास समितिका जिल्ला अध्यक्ष पुकारचन्द्र सिंह राजवंशी, किरात याक्थुङ चुम्लुङ झापाका कार्यवाहक अध्यक्ष सेसेहाङ फियाक, नेवाः देय् दवुः झापाका अध्यक्ष दिनेश शाक्य, जनजाति महासंघ झापाकी उपाध्यक्ष गंगा सेर्मा, टेकबहादुर देवान लगायतले आफ्ना धारणासहित सुझाव राखेका थिए ।

'नेपाल एक बहुजातिय, बहुभाषिक र बहुधार्मिक संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक घोषित भई लोकतन्त्रको अभ्यास भइरहेता पनि आदिवासी जनजाति लगायत अन्य पछाडि परेका वर्ग, उनीहरुको भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण र विकास हुन सकेको छैन'- छलफलको साझा निष्कर्ष रहेको छ- 'यो सन्दर्भमा आदिवासी जनजातिको अधिकार र भावनाको सम्मान हुने गरी नीति ल्याउन र संविधान कार्यान्वयन गर्न नेपाल सरकारसहित तीनै तहका सरकार समक्ष आग्रह गर्दछौं ।

# लैङ्गिक हिंसा अन्त्यका लागि घरैबाट जागरुक हुनुपर्ने



–सन्दर्भ समाचारदाता

बिर्तामोड । झापाको विर्तामोडमा आयोजित एक कार्यक्रमका सहभागी वक्ताहरुले लैङ्गिक हिंसा अन्त्यका लागि घरैबाट जागरुक हुनुपर्ने तथा आर्थिक सवलीकरणको जरुरी रहेको साझा धारणा राखेका छन् ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत एवीसी नेपाल, महिला सुरक्षा दवाव समूह र इलाका प्रहरी कार्यालय विर्तामोडको आयोजनामा झापामा लैङ्गिक हिंसाको अवस्था र सरोकारवालाहरुको भूमिका विषयक एकदिने अन्तरकृयाका सहभागीहरुले यस्तो धारणा राखेका हुन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा सामाजिक विकास राज्य मन्त्री जसमाया गजमेरले हिंसाका घटनामा न्यूनिकरणमा आफू कति प्रतिवद्ध छु भन्ने कुराको आत्मसमिक्षा गर्नुपर्ने बताउनु भएको छ ।

हिंसामा संलग्नलाई कारवाही गराउनका लागि कानून कार्यान्वयनमा सबैको सहयोगी भूमिका हुनुपर्ने हुनुपर्नेमा जोड दिंदै राज्यमन्त्री जगमेरले प्रदेश-१ मा घरेलु हिंसा सम्बन्धी कारवाही सम्बन्धी कानून बनिसकेको जानकारी दिंदै कानून कार्यान्वयनमा प्रदेश सरकार प्रतिवद्ध रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय विर्तामोडका डिएसपी मुकुन्द रिजालले हिंसाका घटनामा कानून कार्यान्वयनको प्रतिवद्धता जनाउँदै झापामा जिल्लामा चालु आर्थिक वर्षको वितेको चार महिनामा भएका हिंसाको अवस्थाबारे जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले हिंसा अन्त्यका लागि रोजगारी, शिक्षा, हिंसा विरुद्ध कानूनी सचेतना, स्वाबलम्बी प्रकृतिका कार्यक्रम आवश्यक रहेको सहभागी वक्ताहरुको जोड थियो । साथै हिंसामा परेका महिला तथा बालबालिकाको सुरक्षाका लागि सेफ हाउस, कानून कार्यान्वयमा तदारुकता, समान ज्याला, साइबर क्राइम विरुद्ध सचेतना जगाउन जरुरी औंल्याएका वक्ताहरुले हिंसाका स-साना स्वरुपलाई पनि कानून कार्यान्वयन इकाइ र सरोकारवालाहरुले नियाल्नुपर्ने बताएका छन् ।

एवीसी नेपाल झापाका संयोजक कञ्चना ढकाल सिटौलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपाका तर्फबाट हर्कमाया विक, नेपाली कांग्रेसकातर्फबाट भुमादेवी घिमिरे, संघीय समाजवादी फोरकातर्फबाट संगीता रौनियार राप्रपा नेपालका तर्फबाट रञ्जु प्याकुरेल, अधिकारकर्मी दिपक दास, प्रहरी निरीक्षक सपना खड्का, विर्तामोड उद्योग वाणिज्य संघ विर्तामोडका महिला उपाध्यक्ष पार्वता खरेल विमली, सदस्य राधिका चुडाल, वीरता लेडी जेसीजका अध्यक्ष शुष्मा पौडेल, ट्रेड युनियन कांग्रेका केन्द्रीय सदस्य उर्मिला ढकाल, नारी कल्याण संघ झापाका अध्यक्ष प्रेमा भट्टराई, उमा शिवाकोटी, विमला भट्टराई, मेची महाकाली संयुक्त बुहारी आवाज झापा अध्यक्ष शिखा खड्का गणेश लगायतले हिंसा सम्बन्धी आ-आफ्ना धारणा राखेका थिए ।

एवीसी नेपालका सचिव देवीका निरौला बस्नेतले सञ्चालन गरेको कार्यक्रममा उमा शिवाकोटीले स्वागत तथा औचित्यमाथि महिला सुरक्षा दवाव समूहका अध्यक्ष शारदा रिजालले प्रकाश पार्नु भएको थियो ।

# लोकसेवा आयोगले परीक्षा संचालन गर्ने निर्णय

काठमाडौं । लोकसेवा आयोगले कोरोनाभाइरस (कोभिड-१९) का कारण स्थगित भएको परीक्षा पुनः संचालन गर्ने निर्णय गरेको छ । जसअनुसार आयोगले बुधबार एक सूचना जारी गर्दै शाखा अधिकृत र नायव सुब्बा पदको लिखित परीक्षाको तालिका सार्वजनिक गरेको छ । आयोगको सूचनाअनुसार शाखा अधिकृतको हुन बाँकी विभिन्न पत्र र विषयको परीक्षा कात्तिक १८ देखि २७ गतेसम्म हुनेछ । यस्तै सुब्बा पदको द्धितीय र तृतीय पत्रको परीक्षा मंसिर ७ देखि १२ गतेसम्म हुनेछ ।

यसैबीच आयोगले सहसचिव पदको परीक्षा कार्यक्रम सार्वजनिक गरेको छ भने स्थानीय तहतर्फ सहायक महिला विकास निरीक्षक पदको अन्तर्वार्ता कार्यक्रम पनि तय गरेको छ। आयोगले कोभिड -१९ का कारणले गत चैत ११ गतेदेखि यताका सबै लिखित परीक्षा स्थगन गरेको थियो ।

# उपप्रमुख उप्रेती चढेको गाडी जलाउने प्रयास



–सन्दर्भ समाचारदाता

भद्रपुर । झापाको मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेती चढेको मे १ झ १७२ नं गाडी एक समूहले आज जलाउने प्रयास गरेका छन् । जलाउने प्रयास गरेका बेला उपप्रमुख उप्रेती गाडीभित्रै थिइन् । गाडी जलाउन खोज्ने दुई युवाले आफुहरु नेपाल विद्यार्थी संघको कार्यकर्ता भएको बताएको र बाटो छेकेर गाडीको चक्कामा पेट्रोल



छर्किएको उनले बताइन् ।

चारआलीस्थित नेपाल आयल निगम डिपो कार्यालयको कार्यक्रममा सहभागी भएर नगरपालिका कार्यालयतर्फ फर्किरहेको बेला आज अपरान्ह ३ बजेतिर पूर्व पश्चिम राजमार्गको धाइजन र चारआली बीच खण्डमा बाटो छेकेर उप्रेतीको गाडीमा आगो लगाउने प्रयास भएको हो । पेट्रोल छर्किएको चक्कामा सलाई निकालेर आगो लगाउन लागेपछि उपप्रमुखले ड्राइभरलाई जसरी भए पनि छिटो गाडी हुइँक्याउन लगाएकी थिइन् । गाडी हुइँक्याउन खोज्दा समेत उनीहरुले मोटरसाइकल तेर्स्याएर गाडीको बाटो छेकेको उप्रेतीले बताइन् । 'मलाई गाडीभित्र जिउँदै जलाउने प्रयास भयो, धन्न बाँचे', उनले भनिन् । घटना बारे तत्कालै इलाका प्रहरी कार्यालय काँकरभिट्टामा जानकारी गराएको उनले बताइन् ।

# जन्म दिनमा न्यानो कपडा वितरण



–सन्दर्भ समाचारदाता

भद्रपुर, । भद्रपुर जेसीजका निवर्तमान अध्यक्ष अनुज खतिवडाले आफ्नो छोराको जन्म दिनको अवसर पारेर जाडोमा लगाउने न्यानो कपडा वितरण गरेका छन् ।

खोज पत्रकारिता मञ्च चन्द्रगढीसित सहकार्य गरी भद्रपुर नगर क्षेत्रमा रहेर पत्रिका वितरण गर्ने तथा वितरण व्यवस्थापन गर्ने दश जनालाई जाडोबाट जोगाउन छोराको जन्म दिनको अवसरमा भद्रपुर जेसीजका निर्वतमान अध्यक्ष खतिवडाले ज्याकेट वितरण हुन् ।

भद्रपुर जेसीजका अध्यक्ष डिल्लीराम पोखरेलको अध्यक्षता तथा भद्रपुर १० का वडाध्यक्ष टेकबहादुर खड्का काजीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव खिलनाथ पाण्डे निकासले गरेका थिए । कार्यक्रममा खतिवडाले सामाजिक कार्य अर्न्तगत पत्रिका वितरण पेशा अपनाएर जीवन गुजरा गर्ने वितरकलाई प्राथमिकतामा राखेर न्यानो कपडा प्रदान गरिएकोमा खोज पत्रकारिता मञ्चको तर्फबाट जेसीज टिमलाई समेत धन्यवाद दिँदै मञ्का अध्यक्ष ईश्वर अधिकारीले आभार प्रकट गरेका थिए ।

## फुटपाथमा पाउरोटी बेच्ने

# लण्डनस्थित पाँचतारे होटलको हेड सेफ

सिरहा । पिताको निधनपछि आमाको सहारा बनेको एउटा सानो बालक, जीविकोपार्जनका लागि आमाछोराले गरेको संघर्ष, अनि पछि ठुलो भएर त्यो छोराले एकपछि अर्को गर्दै आफ्ना सपना साकार पार्दै आमाको चरणमा खुसी सजाइदिएको दृष्य धेरैका लागि कुनै चलचित्रको कथावस्तुजस्तो लाग्न सक्छ । यो कुनै चलचित्रको कथावस्तु होइन । अहिले लण्डनमा रहेका ३५ वर्षीय सन्तोष साहको जीवन भोगाइ हो यो । सिरहा, कर्जन्हाका सन्तोष साह ५ वर्षको हुँदा उनका बुवाको निधन भएको थियो । बुवाको निधनपछि आमाको सम्पूर्ण जिम्मेवारी सन्तोष साहकै काँधमा आयो ।

हुन त सन्तोषका चारजना दाजु छन् । जतिबेला उनलाई दाजुहरुको अभिभावकत्वको खाँचो थियो, उनले कसैबाट साथ र सहयोग पाएनन् । उनीहरु आ-आफ्नो व्यापार, व्यवसाय तथा जागिरमा व्यस्त थिए । आमा र आफ्नो वास्ता दाजुहरुबाट नभएपछि सानै उमेरदेखि सन्तोषले मजदुरी गरेर गुजारा चलाउनु परेको थियो ।

५-६ वर्षको उमेर आमाको काखमा खेलेर बिताउने समय मानिन्छ । तर सन्तोष कर्जन्हा बजारमा गएर मजदुरी गर्थे । कर्जन्हामा लाग्ने साप्ताहिक बजारमा सन्तोषले कहिले पोलोथिन, त कहिले पाउरोटी, कहिले भुजा ९मुरही०, झिल्ली (एक प्रकारको खानेकुरा) बेच्थे । यसरी उनले दैनिक २०/३० रुपैयाँ कमाउँथे । उक्त रकमबाट उनको र उनकी आमाको जसोतसो गुजारा चल्थ्यो ।

विगतलाई स्मरण गर्दै सन्तोष भन्छन्, 'जुन दिन कमाई हुँदैनथ्यो, त्यो दिन भोकै सुत्नु पथ्र्यी । यसरी भोकै त कति दिन सुतियो कति, हिसाब नै छैन ।'

पैसा बचाउनका लागि उनी गाडी चढ्दैनथे । कर्जन्हाबाट पाँच किलोमिटर टाढा हिँडेर गोदारी जान्थे उनी र त्यहाँबाट पाउरोटी खरिद गरेर ल्याएर बेच्ने गर्थे । उनी भन्छन्, ' कमाइ २०-२५ रुपैयाँ हुन्थ्यो, त्यसैबाट पाँच रुपैयाँ तिरेर गाडी चढ्यो भने गुजारा गर्न गाह्रो हुन्थ्यो, त्यही भएर पाँच रुपैयाँ बचाउनका लागि पाँच किलोमिटर टाढा हिँडेर जान्थैं ।'

त्यसो त, पढ्नका लागि उनलाई उनकी आमाले स्कूलमा नाम पनि लेखाइदिएकी थिइन् । तर उनी धेरैजसो स्कूल बाहिर हुन्थे । 'पेट भर्ने जोहो गर्ने कि स्कूल जाने १,' सन्तोष भन्छन्, 'पढ्ने इच्छा त थियो तर घरायसी समस्याका कारण कहिलेकाहीं मात्र स्कूल जान्थैं, पढाइमा ध्यान थिएन, आमाको हेरचाह गर्नुपथ्र्यी, मजदुरी गर्नुपथ्र्यी । जसोतसो टेस्ट त पास गरियो तर एसएलसी पास गर्न सकिएन ।' आफ्नो उमेर सानै रहेको र आमा बुढी भएका कारण त्यतिबेला दाजुहरुले आफूहरुको जिम्मेवारी लिनुपर्ने भए पनि कसैले वास्ता नगरेपछि मेहनत मजदुरीमै आफूले बाल्यकाल बिताउनु परेको उनले बताए । हाल लण्डनमा रहेका सन्तोष साहले रातोपाटीसँग फोनमा कुरा गर्दै भने, 'मेरो ठुलो दाजुले सिन्धुलीमा पसल गर्नुहुन्थ्यो, म आमालाई लिएर त्यहाँ गएँ । आमालाई त्यहाँ राखेर त्यतै केही काम पनि गर्छु र पढ्छु पनि भन्ने योजना थियो तर दाईले बस्न दिनुभएन । अनि आमा र फर्केर घर आयौँ ।'

चार दाजुमध्ये कसैले पनि बुढी आमा र आफ्नो दुःखमा साथ नदिएको उनको गुनासो छ । उनी दुःख र अभावका साथ हुर्किंदै थिए । उनको उमेरसँगै दुःखको पहाड पनि अग्लिदैं गयो । पाउरोटी बेचेर आमालाई सुख दिन सकिदैन भन्ने कुरा सन्तोषले



बुझिसकेका थिए । १०-१२ वर्षकै उमेरमा उनले यति सास्ती व्यहोरे कि अब बाँच्नलाई के गरौं, कसो गरौं भन्ने लाग्न थालेको थियो ।

गाउँका युवाहरु हुलका हुल मजदुरीका लागि भारत जान्थे । उनलाई पनि एकपटक भारत गएर हेरौं जस्तो भयो । १५ वर्षको कलिलो उमेरमा उनी गाउँका राजदेव महासेठसँग भारतको गुजरात पुगे । त्यहाँ गएर के काम गर्ने भन्ने कुनै योजना थिएन उनीसँग । जे काम पाइन्छ, त्यही गर्ने भनेर उनी गुजरात पुगेका थिए । उनले एउटा होटलमा काम पाए । उनी भन्छन्, 'जुठो भाँडा माझ्ने, टेबल सफा गर्ने काम सुरु गरैं । महिनाको नौसय भारु तलब थियो ।' त्यतिबेला सन्तोषका लागि नौसय भारुको महत्व धेरै थियो । जहाँ दिनको २०-२५ रुपैयाँमा गुजारा गर्थे, त्यहाँ नौ सय भारु प्रतिमहिना आउन थालेपछि सन्तोष साहका लागि खुसीको सीमा भएन ।महिनाको एकसय रुपैयाँ घरभाडा तिर्नुपथ्र्यी । खानाका लागि आफूले काम गरेको होटलमै व्यवस्था थियो, बाँकी ८०० रुपैयाँ चोखो बच्थ्यो । पैसा कमाउने बाहेक उनको अरु कुनै चाहना थिएन । प्रत्येक महिना उनले आमाका लागि घरमा पैसा पठाउँथे । सानैदेखि आमासँग दुःख भोगेका सन्तोषले आमाको ख्याल निकै गर्दथे ।

ठुला होटल तथा रेष्टुरेन्टहरुमा सेतो लुगा लगाएर, सेतो टोपी भिरेका मान्छेहरु खाना पकाउँदै, पकिस्दै गरेको देख्दा उनलाई पनि त्यस्तै गरौं जस्तो लाग्थ्यो । त्यो कसरी सम्भव हुन्छ भनेर धेरैसँग उनले जिज्ञासा राखेका थिए । उनले सबैबाट एउटै जवाफ पाए- त्यसका लागि पढ्नुपर्छ । गाउँमा आर्थिक समस्याका कारण पढ्न नसकेका सन्तोषलाई त्यहाँ पढ्ने हुटहुटी जाग्यो । पढेर भए पनि होटलको सेफ बन्ने चाहना जाग्यो । उनले आफ्नो पढाइलाई निरन्तरता दिँदै अर्को होटलमा काम सुरु गरेका थिए । त्यहाँ उनले सेफहरुको सहयोगीमा काम थालेका थिए । त्यहाँ उनले तन्दुरी रोटीका लागि आँटा मुछ्नुका साथै रोटी पकाउने भट्टीमा कोइला हाल्ने काम गर्थे । सेफहरुको साथमा काम गर्न पाउँदा उनी निकै खुसी थिए ।

त्यसपछि उनी सेफको तालिम दिने होटलमा काम गर्न थाले । उनले त्यहाँ काम गर्नुको साथै पढाइ ९तालिम० पनि सुरु गरे । उनी भन्छन्, 'म कामको खोजीमा एउटा होटलमा पुगैं, त्यहाँ होटलसम्बन्धी पढाइ पनि हुन्छ भन्ने कुरा पछिमात्र थाहा पाएँ, अनि मैले होटल मालिकसँग कुरा गरेर आफ्नो तलबबाट मासिक केही रकम काटेर अध्ययनको समय मिलाइदिन आग्रह गरेको थिएँ, त्यो आग्रह उहाँले सहर्ष स्वीकार गर्नुभयो र मैले त्यहाँ कामका साथै पढाइ पनि गरैं ।'

सन्तोषको लगनशीलता र मेहनत देखेर उनलाई एउटा पाँचतारे होटलले जागिर दियो । त्यो होटलमा काम गर्दा उनले अंग्रेजी भाषाको ज्ञान पनि चाहिने रहेछ भन्ने महसुस गरे । खाना पकाउने कलासँगै अंग्रेजी भाषाको ज्ञान पनि आवश्यक रहेको भन्दै उनले अंग्रेजी सिक्न थाले । अंग्रेजीका लागि उनले निकै मेहनत गरे । उनी भन्छन्, 'सानैदेखि मेरो अध्ययन त्यति राम्रो थिएन, अंग्रेजी त परै जावस् । अंग्रेजी पनि चाहिने चिज रहेछ भन्ने थाहा पाएर मैले निकै मेहनत गरे, जहाँ राम्रो पढाउँछ, त्यहीं गएर पढ्न सुरु गरैं । एक दिनमा तीनवटा इन्स्टिच्युटमा पुगेर पनि अंग्रेजी पढ्थैं, त्यसले गर्दा मलाई अभ्यास गर्न सजिलो बनाउँथ्यो, अंग्रेजी भाषा सिक्ने सबभन्दा राम्रो माध्यम भनेको प्रयोग हो, सिकेका कुरा प्रयोगमा ल्याउँथैं र चाँडै अंग्रेजी पनि सिकैं ।' उनले अंग्रेजीमात्र होइन, कम्प्युटर पनि सिके । होटलमा काम गर्दा उनलाई कम्प्युटर सम्बन्धी ज्ञानको आवश्यकता महसुस भयो र उनले त्यो पनि सिके । अंग्रेजीमा राम्रो भएपछि सन्तोषमा आत्मविश्वास झन् बढेर आयो । उनले दोहोरो कुरा गर्न थाले । लेख्न पनि थाले । अर्को एक होटलमा काम गर्नका लागि उनले अन्तरवार्ता दिए । त्यसमा पास भएपछि त्यहाँको सेफहरुको मेनेजर नै भए । उनको मातहत ७० जनाले काम गर्थे । त्यतिबेलासम्म उनको कमाई महिनाको ४० हजार भारु भइसकेको थियो ।

भारतको पाँचतारे होटलमा काम गर्दै गएपछि उनलाई विदेश जाने इच्छा जाग्यो । त्यसका लागि उनले प्रयास पनि गरे । एक/दुई पटक त्यसका प्रयास गर्दा उनको पैसा पनि डुब्यो तर प्रयास गर्न छाडेनन् । सन् २००९ मा मोन्टेनिग्रे पुगेका उनलाई त्यहाँ काम गर्न मन नलागेपछि फेरि भारत फर्किए । उनले भारत फर्केर फुड फेस्टिभल आयोजना गरे, जसको निकै चर्चा भयो । त्यो देखेर लण्डनको एउटा रेष्टुरेन्टले काम गर्नका लागि उनलाई बोलायो । सबै प्रकृया पुरा गरी उनी लण्डन पुगे । तर त्यहाँ उनले सोचेजस्तो काम गर्न पाएनन् । जे सोचेर गएका थिए, त्यो भएन त्यहाँ । भाँडा माझ्नेदेखि लिएर खाना पकाउनेलगायतका सबै काम गर्नुपथ्र्यी त्यहाँ । उनले अन्यत्र अवसर खोज्न थाले । विस्तारै उनी कार्यकारी सेफको रुपमा त्यहाँको पाँचतारे होटलसम्म पुगे । करिब १२/१३ वर्षसम्म भारतमा काम गरिसकेका सन्तोष साहलाई लण्डनमा संघर्ष गर्न त्यति गाह्रो भएन ।

लण्डनमा करिब १० वर्षको मेहनत र लगनशीलताका कारण उनी बीबीसीबाट प्रशारण हुने विश्वकै प्रतिष्ठित टिभी रियलिटी शो 'मास्टर सेफ प्रोफेशनल युके २०२० च्यालेञ्ज' को सेमिफाइनलमा पुगेका छन् । २० वर्षदेखि सञ्चालनमा रहेको उक्त प्रतियोगिताको सेमिफाइनलमा पुग्ने सन्तोष साह पहिलो नेपाली हुन् । लन्डनको सिनामन होटेलमा कार्यकारी सेफको रुपमा कार्यरत सन्तोष साह नेपाली खानाको परिकार पस्केर सेमिफाइनलमा पुगेका हुन् ।

फाइनमा जान तीन/चार राउण्ड अझै बाँकी छ । उनलाई आफू फाइनलमा पुग्ने विश्वास छ । उनी भन्छन्, 'म यो प्रतिस्पर्धा जित्छु वा जित्दिनँ, त्यो बेग्लै कुरा हो तर नेपाली खानालाई विश्वभर चिनाउने मौका पाएँ, मेरो लागि त्यो नै ठुलो कुरा हो ।' नेपाली खानाका परिकारलाई विदेशमा धेरैले साह्रै मन पराएको उनको अनुभव छ । त्यसलाई अझ परिस्कृत बनाएर विश्वसामु लैजाने आफ्नो सोच रहेको उनले बताए । उनले भने, 'कतिपय अवस्थामा नेपालमै नेपाली खानालाई हेला गरेको देखिन्छ तर त्यही खाना मैले विदेशमा प्रदर्शन गर्दा सेमिफाइनलमा पुग्न सफल भएको छु । अब नेपालकै हिमाली भेगको खाना पस्किने मेरो तयारी छ, त्यसको लागि मैले निकै मेहनत गरिरहेको छु, मलाई विश्वास छ, म फाइनलमा पुग्छु र जित्छु पनि ।' प्रतियोगितामा उनले पोलेको माछा, तिल र टमाटरको अचार, करेलाको अचार, आलुको अचार, जेरी, कुराउनी, बुन्दी, बुनियाँ, कुल्फी, फोफी, टिमुरको अचार, सिस्नु र आलुको तरकारी, भाङको अचार, कर्कलोको पातको तरकारी, विरिया, भैँडाको मासु, खसीको मासु, बेथेको साग, चिप्ले भिन्डी, तामाको आचार, माछाको रोटीलगायतका नेपाली परिकार उनले प्रदर्शन गरिसकेका छन् ।

सुरुमा उनको घरको अवस्था राम्रै थियो । बुवा बितेपछि दाजुहरु अलग बस्न थाले । त्यसपछि सन्तोषको अवस्था खराब भएको थियो । अहिले भारत तथा लण्डनको कमाइले सन्तोषको अवस्था सुध्रिएको छ । सन्तोष लण्डनकै बासिन्दा भएका छन् । सन्तोषको अवस्था जसरी जसरी राम्रो हुँदै गयो त्यसरी नै उनका दाजुको मन बदलिँदै गयो । सन्तोषले लण्डनबाट पैसा पठाउन थालेपछि उनका दाजुहरुले आमालाई त्यतिकै स्यहार सुसार गर्न थाले । उनका एकजना दाजु अमेरिका बस्छन् भने तीनजना दाजु नेपालमै छन् । उनीहरुले नै अहिले आमालाई हेरचाह गरिरहेका छन् । सन्तोषले नेपालमै बिहे गर्ने सोच बनाएका छन् । उनको विवाहका लागि केटी खोज्ने काम भइरहेको छ । मास्टर सेफ प्रतियोगिता सकिएपछि नेपाल फर्किएर बिहे गर्ने सोच उनले बनाएका छन् । साभार थाहाखबर

# चालक अनुमतिपत्रको प्रक्रिया खुल्ने



काठमाडौं । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को नयाँ प्रक्रिया खुल्ने भएको छ । यातायात व्यवस्था विभागले बुधबार एक सूचना जारी गर्दै नयाँ लाइसेन्सका लागि अनलाइनमार्फत आवेदन खुला गर्न लागिएको जनाएको छ । विभागले प्रदेश कार्यालयहरुको मागका आधारमा लाइसेन्सको लिखित तथा ट्रायल परिक्षाका लागि अनलाइन फारम खुल्ला गर्न लागिएको जनाएको हो ।

तर, अनलाइन फारम तथा परीक्षा सञ्चालन गर्ने सम्बन्धमा भने स्वयम् प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय तथा यातायात कार्यालयहरुको स्वःअधिकार हुने विभागले जनाएको छ । 'नयाँ लाइसेन्सको आवेदन खुल्ला गर्ने,परीक्षा सञ्चालन गर्ने र यातायात सम्बन्धी नवीकरण, दर्ता लगायतका अधिकार विभागले सम्बन्धीत प्रदेशहरुलाई नै दिइसकेको छ ।

प्रदेश १, प्रदेश २, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशले समेत केहि दिनभित्रै लाइसेन्सको प्रक्रिया अघि बढाइने गरी तयारी थालिएको जनाएका छन् । कोभिड-१९ को प्रकोपसँगै गत चैत ११ गतेदेखि मुलुक पूर्णतः लकडाउनमा गएसँगै नयाँ लाइसेन्सको लिखित तथा प्रयोगात्मक (ट्रायल) परीक्षा प्रभावित हुँदै आएको छ ।

## भद्रपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा**
**१ नं. प्रदेश, नेपाल**

आ.प्र. ०७७/०७८ मिति : २०७७/०८/१९

### प्रश्ताव स्विकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०७७/०८/१९)**

उपयुक्त सम्बन्धमा झापा जिल्लाका भद्रपुर, मेचीनगर, दमक नगरपालिका तथा गौरीगंज गाउँपालिका सुरक्षित आप्रवासन परियोजना (सामी) संचालन गर्नको लागि यस कार्यालयबाट प्रकाशित भएको संचिप्त सूचीमा परेका आशयदाताहरुसँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने सूचना बमोजिम रितपूर्वक म्यादभित्र कार्यालयमा दर्ता हुन आएका प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भएको निम्न अनुसारको प्रस्ताव स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८ (क) बमोजिम संम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | कामको विवरण | सारभुत रुपमा प्रभावग्राही आवश्यकदाता | कबोल अङ्क भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १ | सुरक्षीत आप्रवासन परियोजना (सामी) संचालन | विराट सामुदायिक अध्ययन केन्द्र, विर्तामोड | ८५,५९,९६५।२५ | |

**होमनाथ भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**







## भद्रपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, भद्रपुर, झापा प्रदेन १, नेपाल**

**सूचना! सूचना!! सूचना!!!**

**प्रकाशित मिति : २०७७/०८/१९**
**विषय : दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयलाई आर्थिक वर्ष २०७७/०७८ मा आवश्यक पर्ने विभिन्न मालसामानहरु आपूर्ति सम्बन्धि पर्न आएको दरभाउपत्रहरु मध्ये तल उल्लेखित दरभाउपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि आशय प्रकट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त कामका लागि सरोकारवाला व्यक्ति तथा फर्म वा दरभाउपत्र पेश गरेका अन्य सबै दरभाउपत्रदाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराइएको छ ।

**तपसिल :**

| सि.न. | दरभाउपत्र/ठेक्को कामको विवरण | स्वीकृतका लागि छनोट भएका दर भाउपत्र दाताको नाम, ठेगाना | दरभाउपत्रमा स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | औषधी सम्बन्धि | श्री धिराग फार्मेसी, पोखरा उप–१३ | ५,४५,२५०।०० (अक्षेरुपी पाँच लाख पैतालिस हजार दुई सय पचास रुपैया मात्र) | |
| २ | सर्जिकल सम्बन्धि | श्री अमन फार्मेसी, विर्तामोड न.पा. (झापा) | १६,९५,३६०।०० (अक्षेरुपी सोह्र लाख पन्चानब्बे हजार तीन सय साठी रुपैया मात्र) | |

**होमनाथ भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**